# वादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन

१. **विषय प्रवेश** :

राष्ट्रिय वादी अधिकार संघर्ष समितिले मिति २०६४/०४/३१ मा राष्ट्रिय सम्मेलन गरी प्रस्तुत गरेको २६ बुँदे मागका सम्बन्धमा सरकारी वार्ताटोली र वादी अधिकार संघर्ष समितिका संयोजक (टोली) बीच मिति २०६४/०६/१५ मा पहिलो चरणको वार्ता सम्पन्न भै शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा खेदकूद मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव समेतको एक कार्यदल गठन भएको थियो । उक्त कार्यदलले वादी समुदायका मागहरूलाई नेपाल सरकारबाट के-कसरी सम्बोधन गर्न सकिन्छ भन्ने सम्बन्धमा व्यापक छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरी मिति २०६४/०६/२१ गते सुझावहरू पेश गरेको थियो । कार्यदलले प्रस्तुत गरेको सुझाव प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गरी सरकारी वार्ता टोलीका संयोजक तथा शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेल र राष्ट्रिय वादी अधिकार संघर्ष समितिका संयोजक उमादेवी वादीबीच मिति २०६४/०६/२८ मा २ बुँदे सहमति पत्रमा हस्ताक्षर भयो । सहमति पत्रको बुँदा नं. १ मा "२०६५ आश्विन १५ गते दुवै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । वादी समुदायको आत्मसम्मानमा ठेस पुग्ने शब्दहरू भाँड, बदेनी, पातर आदि शब्दहरूको प्रयोगमा तुरुन्त रोक लगाउने र देशभरिका वादी समुदायलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने ।" र सहमति पत्रको बुँदा नं. २ मा "उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिम वादी समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने समेतका विषयहरूलाई बुँदागत रुपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अधिकृतस्तरका प्रतिनिधिहरूका साथै वादी समुदायका एकजना महिला सहित

दुईजना प्रतिनिधिहरू समेत सम्मिलित एक अध्ययन कार्यदल नेपाल सरकारले तत्काल गठन गर्ने, उक्त कार्यदलले ६ महिनाभित्र सम्पूर्ण अध्ययन पूरा गरी सहमति कार्यान्वयन गराउनेछ” भन्ने उल्लेख भएको थियो । सहमति अनुसार सरकारको तर्फबाट पूरा गर्नुपर्ने दायित्वहरू पूरा गर्नको लागि मन्त्रिपरिषद्को मिति २०६४/०६/३० को निर्णयले मुक्त कमैया पुनर्स्थापन केन्द्रीय समितिका संयोजकको संयोजकत्वमा सहमतिको बुँदा नं. २ मा उल्लिखित शान्ति तथा पुनर्निर्माण मन्त्रालय समेत १० मन्त्रालयका अधिकृत प्रतिनिधिहरू र वादी समुदायका एकजना महिला सहित दुईजना प्रतिनिधिहरू सम्मिलित एक अध्ययन कार्यदल गठन गर्ने,उक्त कार्यदलको कार्यावधि ६ महिनाको हुने र कार्यदलको कार्यक्षेत्र शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोक्ने उल्लेख भै उक्त मन्त्रालयले १० वटा कार्यक्षेत्र तोकेको थियो । कार्यदलले मिति २०६४/०८/१९ मा आफ्नो कार्य आरम्भ गरेको र यसै अवधिभित्र संविधान सभाको निर्वाचन हुनु, बजेट निकासामा ढिलाई लगायतका कारणले गर्दा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी पहिलो ६ महिनाको म्याद सकिएपछि मन्त्रिपरिषद्को मिति २०६५/०३/११ को निर्णयले मिति २०६५/०८/१८ सम्म म्याद थप भएको छ ।

## २. **अध्ययनको उद्देश्य :**

यस अध्ययनको मुख्य उद्देश्य वादी समुदायको बसोबास भएका जिल्ला, क्षेत्रहरू र उनीहरूको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि अवस्था एवं जनसंख्या सम्बन्धी विषयमा अध्ययन गरी नेपाल सरकारबाट निजहरूलाई उपलब्ध गराउन सकिने सेवा, सुविधा र अधिकारका बारेमा प्रतिवेदन पेश गर्नु रहेको छ ।

## ३. **कार्यदलको कार्यक्षेत्र :**

कार्यदललाई निम्न १० बुँदामा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट कार्यक्षेत्र तोकिएको थियो :-

(१) वादी समुदायको बसोबास भएका जिल्ला र क्षेत्रहरू तथा उनीहरूको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अवस्था र जनसंख्या सम्बन्धी विषय,

(२) भूमिहीन सुकुम्वासी वादी समुदायका परिवारलाई सरकारद्वारा उपलब्ध गराउन सकिने जमिनको परिमाण र प्रक्रिया सम्बन्धी विषय,

(३) आय-आर्जन र जीवनस्तर सुधारका लागि सीप विकास र स्वरोजगारका कार्यक्रम सम्बन्धी विषय,

(४) स्वदेशमा उपलब्ध गराउन सकिने रोजगारी र वैदेशिक रोजगारी सम्बन्धी विषय,

(५) वादी समुदायका बालबालिकालाई शिक्षामा पहुँचका लागि उपलब्ध गराउन सकिने छात्रवृत्ति तथा अन्य सुविधा सम्बन्धी विषय,

(६) स्वास्थ्य सम्बन्धमा प्रदान गर्न सकिने सुविधाहरू सम्बन्धी विषय,

(७) कानूनी सेवा, यातायात, विद्युत्, कर छुट लगायतका क्षेत्रमा राज्यले प्रदान गर्न सक्ने सहयोग सम्बन्धी विषय,

(८) माग बमोजिम थर राखी सहज रुपमा नेपाली नागरिकताको प्रमाण-पत्र उपलब्ध गराउने विषय,

(९) राज्य सञ्चालनका हरेक तहमा योग्य वादीहरूको पहुँच एवं योग्यता अभिवृद्धि सम्बन्धमा निश्चितता सम्बन्धी विषय र

(१०) कार्यदलको सिफारिसलाई कार्यान्वयन गर्ने प्रक्रिया र तरीका सम्बन्धी विषय ।

## ४. अध्ययनको सीमा र क्षेत्र :

केन्द्रीय तथ्याङ्क विभागद्वारा वि.सं. २०५८ सालमा लिइएको जनगणना सम्बन्धी तथ्याङ्कले देखाएको अनुसूची-७ मा उल्लिखित मुलुकका ५९ जिल्लाहरूमा वादी समुदायको धेरथोर रुपमा बसोबास रहेको पाइयो । कार्यदललाई प्रदान गरिएको समयसीमा, बजेटको सीमितता, उपलब्ध जनशक्ति, कार्यक्षेत्रको गहनता, अध्ययन क्षेत्रको व्यापकता आदिका कारण सबै जिल्लाको विस्तृत अध्ययन र तथ्याङ्क सङ्कलन गर्न सम्भव नहुने हुँदा तुलनात्मक रुपमा बढी जनसंख्या भएका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका ९ जिल्लाहरू क्रमशः दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कञ्चनपुर र विकासक्षेत्रको प्रतिनिधित्व हुने गरी पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चलबाट क्रमशः कपिलवस्तु, रौतहट र सुनसरी समेत १२ जिल्लालाई नमूना छनौट गरी मुलुकका समग्र वादी समुदायको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक र जनसंख्या सम्बन्धी अवस्थाको यथार्थ चित्रण हुने अनुमान गरी अध्ययन क्षेत्र र सीमा तोकिएको छ । त्यसैगरी बाँकी ४७ जिल्लामा भूमिसुधार कार्यालय भएको जिल्लामा सोही कार्यालयबाट र भूमिसुधार कार्यालय नभएकोमा मालपोत कार्यालयबाट जिल्ला निर्वाचन कार्यालयसँग समन्वय र सहयोग लिई

वादीहरूको संख्या पठाउन अनुरोध गरी पठाइएकोमा सो प्राप्त तथ्याङ्क समेतका आधारमा प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरी मिति २०६५/०८/१७ र १८ गते नेपालगञ्जमा विभिन्न १४ जिल्लाका वादी प्रतिनिधिहरू, राष्ट्रिय तथा गैरसरकारी संस्था, कार्यदलका प्रतिनिधि समेतबाट थप सुझाव लिई प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## ५. **अध्ययन विधि** :

कार्यदलले अध्ययन विधिका रुपमा प्रश्नावली, खोजविधि, अध्ययनविधि, पत्राचार, छलफल, अन्तर्क्रिया, गोष्ठी, विभिन्न मन्त्रालयका कर्मचारी, सम्बद्ध प्रतिनिधिहरूसँगको छलफल र सुझाव,एवं सान्दर्भिक दस्तावेजलाई लिइएको छ ।

## ६. **कार्यदलको कार्यप्रक्रिया :**

राष्ट्रिय वादी अधिकार संघर्ष समितिका मागहरूलाई सम्बोधन गर्ने गरी प्रतिवेदन पेश गर्न कार्यदललाई १० वटा कार्यक्षेत्रहरू तोकिएको थियो । ती बुँदाहरूलाई सम्बोधन हुने गरी सुझाव पेश गर्न सबैभन्दा पहिला वादीरूको बसोबास रहेको क्षेत्र, जनसंख्या, तिनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, राजनीतिक आदि अवस्थाका बारेमा जानकारी र तथ्य आवश्यक पर्ने भएकोले सो को लागि वि.सं. २०५८ सालको जनगणनालाई आधार मानी त्यसबाट तथ्याङ्क लिँदा मुलुकका ५९ जिल्लामा ४,४४२ वादीहरूको जनसंख्या देखियो । यसरी ५९ जिल्लामा छरिएर रहेका वादीहरूमध्ये तुलनात्मक रुपमा बढी जनसंख्या भएका र ती जिल्लाको अध्ययनबाट प्राप्त निष्कर्षले समग्र मुलुकको प्रतिनिधित्व हुने गरी Random Sampling को रुपमा १२ जिल्लालाई छनौट गरी कार्यदलले कार्य अगाडि बढायो । यसको लागि कार्यक्षेत्रका १० बुँदा र वादी समुदायका मागलाई सम्बोधन गर्ने गरी पटक-पटकको कार्यदलको बैठक, छलफल र मस्यौदा प्रश्नावलीको तयारीपछि केन्द्रीय तथ्याङ्क विभागका विशेषज्ञ प्रतिनिधिको समेत निर्देशन र सुझाव लिई प्रश्नावलीलाई अन्तिम रुप दिइयो । कार्यदलले मिति २०६४/०८/१९ गतेबाट कार्यारम्भ गरेको र सो समितिले ६ महिनाभित्र अर्थात् मिति २०६५/०२/१८ गते प्रतिवेदन पेश गर्नुपर्ने भएकोमा यस बीचमा संविधान सभाको निर्वाचन सम्पन्न गर्नुपर्ने कार्यमा कार्यदलका सबै सदस्यहरू संलग्न हुनुपर्ने अवस्था र समयमा बजेट निकासा हुन नसकेका

कारण पहिलो ६ महिनामा प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गर्न छनौट गरिएका १२ जिल्लामा प्रश्नावली भर्न पठाउने काम भयो । प्रश्नावली जिल्लामा पठाउनु पूर्व तयारी स्वरुप प्रश्नवली भर्दाखेरि अपनाउने तरीका र एकरुपता, प्रश्नावली भर्दा फिल्डमा आइपर्ने सम्भावित समस्या र समाधान, त्यसबाट अपेक्षा गरिएका कुरा आदि विविध पक्षमा जानकारी, सुझाव, अन्तर्क्रिया र छलफल गर्ने उद्देश्यले मिति २०६५/०२/१० गते नेपालगञ्जमा १० वटा र काठमाडौंमा २ वटा समेत गरी १२ जिल्लाको प्रतिनिधित्व हुने गरी सम्बन्धित जिल्लाका भूमिसुधार अधिकारी/मालपोत अधिकृत, वादी समुदायका स्थानीय प्रतिनिधि र वादी अध्ययन कार्यदलका केन्द्रीय प्रतिनिधिबीच १ दिने अन्तर्क्रिया एवं परिचयात्मक कार्यक्रम गरिएको थियो । प्रश्नावली भर्नको लागि १२ जिल्लाका भूमिसुधार कार्यालय भएको ठाउँमा भूमिसुधार कार्यालय र नभएको ठाउँमा मालपोत कार्यालयका प्रमुखलाई जिम्मा दिई कम्तीमा खरिदारस्तरका कर्मचारी र सम्बन्धित जिल्लाका कम्तीमा १० कक्षा पास गरेका वादी समुदायका प्रतिनिधिबाट प्रश्नावली भरेर पठाउन निर्देशन भै तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसैगरी कार्य प्रक्रियाको रुपमा सम्बन्धित मन्त्रालयका कर्मचारी प्रतिनिधिसँग सुझाव माग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयद्वारा आ.व. ०६१/६२ मा अध्ययन गराई तयार पारिएको प्रतिवेदन, वादी समुदायका प्रतिनिधिसँग सुझाव माग, मिति २०६४/०६/२१ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवज्यूसमेतको कार्यदलले दिएको प्रतिवेदन, वादी समुदायको बसोबास रहेका ४७ जिल्लामा हुलाकबाट पत्राचार गरी प्राप्त भएका सुझाव र तथ्याङ्क समेतबाट प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार पारी मिति २०६५/०८/१७ र १८ गते बाँकेको नेपालगञ्जमा विभिन्न १५ जिल्लाका वादी प्रतिनिधि, कार्यदलका पदाधिकारी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिसमेत सम्मिलित भई अन्तर्क्रिया गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## ७. **वादी समुदायको परिचय** :

वादी समुदाय दलित समुदायभित्रको पनि पछाडि पारिएको समुदाय हो । यिनीहरूको छुट्टै भाषा र संस्कृति स्थापित र प्रमाणित हुन सकेको छैन । यसको खोजी र अध्ययन कार्य भैरहेको बुझिन्छ । नेपालको मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सल्यान, दैलेख, दाङ, सुर्खेत,

जाजरकोट, बर्दिया, कैलाली, रुकुम, रोल्पा, कञ्चनपुर, बैतडी आदि मुलुकका ५९ जिल्लाका विभिन्न गाउँ, टोलमा वादीहरूको बसोबास रहेको पाइन्छ ।

वादीहरू को हुन् र यिनीहरूको मूल थलो कुन हो भन्ने सन्दर्भमा मतभिन्नता रहेको बुझिन्छ । केहीले वादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देव दासी), कुमारी र झुमा जस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन् भने केहीले यिनीहरूलाई भारतको बैशाली क्षेत्रबाट नेपाल आएको अनुमान गरेका छन् । यिनको विचारमा शक्तिशाली मगध राज्यको आक्रमणबाट परास्त भएर लिच्छवीहरू नेपाल पसेका हुन् भनेका छन् । तत्कालीन समयमा बैशालीमा बेश्यावृत्ति एक मर्यादित तथा समाज स्वीकृत पेशा थियो । राणा सामन्त र राणापरिषद्का उच्च पदाधिकारीहरूको मनोरञ्जनको लागि विभिन्न गणिकाहरू रहन्थे, जसले विभिन्न गायन, नृत्य तथा कामकलाद्वारा तिनीहरुको मनोरञ्जन गर्नु पर्दथ्यो । तिनीहरू जीवनपर्यन्त अविवाहित रहन्थे । लिच्छवीहरू भागेर नेपाल आउने क्रममा ती गणिकामध्ये संभवत केही नेपाल आए । तिनका बंशज नै वादी हुन सक्दछन् । कुनैको विचारमा वादी नट जातिका भएका र भारतको लखनउको वरिपरि (उत्तर-पश्चिम) को क्षेत्रबाट मध्यकालको अन्त्यतिर पश्चिमी नेपालभित्र प्रवेश गरेका हुन् । विभिन्न भुरे टाकुरे राजाहरूद्वारा आफ्नो महलमा नाचगान तथा मनोरञ्जनका लागि यिनीहरूलाई भारतको विभिन्न ठाउँबाट आयात गरिएको हुनसक्छ । आरम्भमा वाद्यवादन गर्नेलाई वादक र नृत्य, अभिनय गर्नेलाई पात्र वा पात्री भनिन्थ्यो जुन पछि नेपाली जनजिब्रोमा वादी र पातरका रुपमा रुपान्तरित हुन गएको मानिन्छ । यद्यपि यो अनुसन्धानको विषय बनेको छ ।

यी वादी र पातरहरूले नेपालका विभिन्न बाइसी र चौबीसी (भुरेटाकुरे) राणा एवं सामन्तका दरवारमा नाचगानका साथै विभिन्न अभिनय गरेर मनोरञ्जन प्रदान गर्ने तथा उक्त कामबाट प्राप्त पुरस्कार र पारिश्रमिकबाटै आफ्नो तथा परिवारको जीविकोपार्जन गर्ने गर्दथे । यो क्रम राणाकालसम्म निरन्तर जारी रह्यो । जुनबेलासम्म पश्चिम नेपालमा जमिनदारी प्रथा कायम थियो त्यसबेलासम्म वादीहरूको अवस्था राम्रै थियो तर राणाशासनको अन्त्य र जमिनदारी प्रथाको उन्मूलनले उनीहरूलाई निकै ठूलो प्रभाव पार्‍यो । अब नाचगान र मनोरञ्जनको प्रथा समाप्त नै भएकाले तथा वादीहरूको रोजगारीको अर्को कुनै विकल्प नभएका कारण पुरुषहरू माछा मारेर एवं ढोल, मादल, माटाका सामग्री बनाउने, जाल बुन्ने कार्यमा र महिला युवतीहरू

बाध्य भई देह व्यापारजस्तो निन्दनीय कार्यमा लागेर जीविकोपार्जन गर्न थाले (साभार-अपराजिता खण्डकाव्य, लेखक रामकृष्ण मजगैंया, नेपाल साहित्यकार संघ, काठमाडौं, २०५६ श्रावण )।

यसरी वादी समुदायले आफ्नो कला, कौशल र सीपका कारण आफ्नो बारेमा सोच्नु भन्दा पनि तत्कालीन राजा, रजौटा जस्ता सामन्तवादहरूलाई मनोरञ्जन प्रदान गरी खुशी पार्नमा नै समय व्यतीत गरेको पाइन्छ । फलस्वरुप यो समुदायलाई स्थायी बसोबासका लागि न घरजग्गा, न जमिन नै राज्यबाट प्राप्त भयो, न त उनीहरूले नै चासो राख्ने कोशिस गरे । यो समुदायमा पातर, वादी, नेपाली, राना, भाँड, दमाई, बैगार, सिंह, कुमाल, दास, गन्धर्ब र गाइने आदिजस्ता थरहरू प्रचलनमा रहेको पाइन्छ ।

जमिनदारी प्रथाको उन्मूलनपछि यो समुदाय सहारा विहीन हुन पुग्यो । त्यसपछि जीवन निर्वाहको लागि नाचगान गर्ने, मागेर खाने र घुमन्ते जीवन बिताउन विवश हुनु पर्‍यो । यस समुदायमा केही प्रतिशत चेलीबेटीहरू जीवन निर्वाहको अन्य विकल्प नहुँदा मीठो खान, राम्रो लाउन र अन्य सुख, सुविधाका लागि तथा स्वयं पुरुषहरूको वाध्यताले पनि यो पेशा अँगाल्न बाध्य भए । २०३६ सालपछि पनि यिनीहरूको उत्थानको लागि सरकारी स्तरबाट प्रयास नभएको पनि होइन तर प्रयास सार्थक हुन सकेन । समाज र राष्ट्रबाट उचित संरक्षण नपाउँदा यो समुदाय देहव्यापार गर्ने समुदायको रुपमा मुलुकभर चिनिन थाल्यो जसलाई मलजल दिने कार्य तत्कालीन पत्रपत्रिका र मिडियाहरूले गरे । २०४८ सालमा प्रजातन्त्रको पुनर्स्थापन पछि खोलिएका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले यिनीहरूको पक्षमा काम गर्न थाले । फलस्वरुप यिनीहरूमा जनचेतना वृद्धि हुँदै गयो । परिणामस्वरुप २०६३ सालको जनआन्दोलनपश्चात् यिनीहरू आफ्नो पहिचान, अस्तित्व र अधिकार प्राप्तिको दिशामा अग्रसर भए । त्यसको परिणति यो कार्यदल भएको छ ।

## ८. **वादी समुदायको वर्तमान अवस्था** :

वादी समुदायको वर्तमान अवस्था विगतको तुलनामा निकै परिवर्तित भएको छ । उनीहरूले परम्परागत रुपमा अपनाउँदै आएको पेशा समयको प्रवाहसँगै विस्थापित हुँदै गएको छ । त्यसमा संलग्न व्यक्तिहरू क्रमशः अन्य पेशामा रुपान्तरण भएका छन् । हालको राजनैतिक परिवर्तन र जनचेतनाको वृद्धिले विगतमा वादी समुदायका केही महिलाहरूबाट अपनाइएको यौन पेशामा कमी आएको छ । यिनीहरूको बसोबास अनुसूची-७ मा उल्लिखित

वि.सं. २०५८ सालको जनगणना अनुसार मुलुकका ५९ जिल्लाहरूमा छरिएर रहेको पाइएतापनि प्रमुख बसोबास मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा रहेको देखिन्छ, जसअनुसार कूल जनसंख्या ४,४४२ मध्ये मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा मात्र ३,५८५ अर्थात् ८1% र बाँकी ३ विकास क्षेत्रमा ८५७ अर्थात् १९% रहेको देखिन्छ । वादी समुदाय नाचगान, मागेर हिँड्ने र घुमन्ते जाति समेत भएको हुँदा पेशाको क्रममा विभिन्न जिल्लामा गएको बेला जनगणना लिने क्रममा त्यहाँ पुगेको अवस्थामा उक्त जिल्लाबाट नाम लेखिएका कारण यिनीहरू बसोबास गरेको जिल्ला बढ्न गएको मान्न सकिन्छ । जुन कुराको पुष्टि केही जिल्लाको न्यून संख्या देखिनुले र अध्ययनको क्रममा ४७ जिल्लाबाट वादीहरूको संख्या मात्र पठाउन पत्राचार गरिएकोमा २८ जिल्लाबाट मात्र संख्या प्राप्त भएको कुरा अनुसूची ४ मा देखाइएको तथ्याङ्कले पुष्टि गर्दछ ।

नमूना छनौटको रुपमा प्रश्नावली भरी पठाइएका १२ जिल्लाहरूमध्ये रौतहट जिल्लाबाट प्रश्नावली ढिलो गरी प्राप्त भएको र प्राप्त विवरण अधुरो रुपमा प्राप्त भएका कारण सो छाडी ११ जिल्लाको कूल जनसंख्या ८,३४१ र सो मध्ये ४,१५० महिला र ४,१९१ पुरुष रहेको छ । उनीहरूको अवस्था आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक रुपमा ज्यादै नै दयनीय रहेको छ । मुलुक २१औं शताब्दीमा प्रवेश गर्दा पनि मानव जातिकै कलङ्कको रुपमा रहेको छुवाछुत प्रथाबाट अझै पनि यो समुदाय मुक्त हुन सकेको छैन । जिल्लाहरूबाट प्राप्त वादीहरूको सबै पक्षलाई सम्बोधन हुने गरी लिइएको तथ्याङ्क, छलफल र अन्तर्क्रियाबाट प्राप्त जानकारी र सुझाव, सम्बन्धित दस्तावेज आदि समेतको आधारमा यिनीहरूको अवस्थालाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

## (क) सामाजिक र सांस्कृतिक अवस्था :-

वादी समुदाय हालसम्म पनि सामाजिक र सांस्कृतिक विभेदबाट मुक्त हुन सकेको छैन । सरकारले छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको दर्जा दिई छुवाछुतमुक्त राष्ट्रको रुपमा घोषणा गरेतापनि पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

अझै पनि यो समुदाय सार्वजनिक स्थान, मठ-मन्दिर, पाठशाला, धारा, कुवा लगायतका ठाउँमा जान कथित तल्लो जातिको आरोपमा निर्वाध रुपमा

प्रवेश गर्नबाट बञ्चित हुनु परेको छ । अन्तर जातीय विवाह गर्दा समाजबाट बहिष्कार हुनुपर्ने, शारीरिक तथा मानसिक यातना, सामाजिक हिंसा भोग्नुपर्ने अवस्था छ । समाजमा जातीय विभेद निर्मूल हुन सकेको छैन । यस क्रममा ११ जिल्लाको कूल जनसंख्या ८,३४१ (१,७०४ परिवार) लाई के-कस्ता खालका सामाजिक विभेद भोग्नु परेको छ भन्ने प्रश्नमा ५६% ले छुवाछुत, २४% ले सार्वजनिक स्थानमा विभेद गर्ने गरेको, १३.७% ले जातीय विभेद र ४.२% ले सामाजिक बहिष्कार जस्ता विचार व्यक्त गरेकोबाट उल्लिखित कुराको पुष्टि हुन्छ ।

वादी समुदायले सांस्कृतिक र धार्मिक रुपमा हिन्दू धर्म र सोसँग सम्बन्धित संस्कृति मान्ने र नेपाली भाषा बोल्ने गरेको देखिन्छ । वादी समुदायमा पनि पितृसत्तात्मक सामाजिक अवस्था विद्यमान रहेको देखिन्छ ।

वादीहरूको ११ जिल्लाको कूल संख्या ८,३४१ मध्ये २००४ अर्थात् करीब २४% ले नागरिकता लिएको देखिन्छ । यसमध्ये बंशजको आधारमा १९६६ अर्थात् ९८% ले र बाँकी २% ले आमा र अन्यबाट प्राप्त गरेको देखिन्छ । उमेर पुगेर पनि करीब ३४% संख्याले नागरिकता लिएको देखिन्न ।

नागरिकता लिएका २००४ मध्ये १९० अर्थात् करीब १०% ले आफूले नागरिकता प्राप्त गरेकोमा थर परिवर्तन गर्न चाहेको देखियो । यसको पछाडि साविकमा वादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरू राखी नागरिकता लिएको कारण देखिन्छ भने उमेर पुगेर पनि नागरिकता नलिएको कारणमा अन्य कुराका अतिरिक्त अवैध यौन कार्यबाट जन्मेका कारण पनि संख्या बढी देखिन्छ । तर अहिले आएर आमाको नामबाट समेत नागरिकता पाउने प्रावधान भएपछि यो समस्या समाधान हुने देखिन्छ । अन्तरजातीय विवाह गरेका २०३ परिवारमा करीब ८८% सँगै बसेका ३ परिवार अर्थात् १.४८% ले सम्बन्ध विच्छेद र ८ परिवार अर्थात् करीब ४% अलग बसेको देखिन्छ ।

यस समुदायमा बसाइँ-सराईको अवस्था तीब्र छ । ११ जिल्लाबाट १७०४ परिवारमा गरिएको अध्ययनमा करीब ४०% ले साविकको स्थानबाट बसाइँ-सराई गरेको देखिन्छ । यसमा विशेषगरी सुर्खेत, कञ्चनपुर, कैलाली, बर्दिया र बाँकेमा बढी छन् ।

## (ख) स्वास्थ्य सम्बन्धी अवस्था :-

वादी समुदायको आर्थिक अवस्था दयनीय भएको, शिक्षा र स्वास्थ्य सेवाको पहुँच नहुनु, जनचेतनाको कमी, बेरोजगार, भूमिहीन अवस्था, जीविकोपार्जनको लागि स्वदेश तथा विदेशमा जानुपर्ने र केही महिलाहरूले यौन पेशा समेत अपनाउने गरेको पाइयो । समग्र परिस्थितिमा यिनीहरूको स्वास्थ्य स्थिति निम्नानुसार देखिन्छ :-

- १,७०४ परिवारमा गरिएको अध्ययनमा १४ परिवार (अर्थात् १%) HIV AIDS बाट पीडित देखिन्छन् ।
- करीब ६०% परिवार HIV AIDS बारे सचेत भएका र ४०% अझै पनि अनभिज्ञ देखिए ।
- स्वास्थ्य जाँचतर्फ करीब ७५% ले समय-समयमा रोग लागेपछि चेकजाँच गर्ने गरेको देखियो ।
- स्वास्थ्य जाँच गराएका परिवारमा क्रमशः टाइफाइड, झाडापखालाबाट अधिकांश पीडित देखिन्छन् भने त्यसपछि जन्डिस, रुघाखोकी, टि.बी., कुष्ठरोग लगायतका रोगहरू लागेको देखियो ।
- परिवार नियोजनका साधनहरू (कण्डम) को प्रयोग गर्नेको संख्या ज्यादै न्यून अर्थात् १०% मात्र देखिन्छ ।
- करीब ६% वादी परिवारले यौन पेशा अपनाएको पाइयो । उनीहरूले खुलेर भन्न नचाहेर पनि यो संख्या कम भएको अनुमान गर्न सकिन्छ ।
- बाध्यात्मक यौन पेशा अपनाउनेहरूमा अधिकांश निरक्षर रहेका छन् । यिनीहरूले त्यस पेशाबाट १ जनादेखि ५ जनासम्मको परिवारको भरणपोषण गर्ने गरेको देखिन्छ र उनीहरुले आर्थिक विपन्नताको कारण बाध्य भएर लाग्नु परेको बताए ।

### (ग) आर्थिक अवस्था :-

वादी समुदाय आर्थिक रुपमा ज्यादै पछाडि परेको देखिन्छ । १,७०४ परिवारमा गरिएको अध्ययनमा करीब ६५% परिवारको ऐलानी, पर्ति, सरकारी र आफ्नै स्वामित्वको जग्गामा घरबास रहेको छ भने ३५% परिवार घरबारबिहीन छन् । करीब २०% परिवारसँग खेती गर्ने न्यून क्षेत्रफल जग्गा रहेको देखिन्छ । यो समुदायले घरबासको निमित्त उपभोग गरेको जग्गामध्ये २०% आफ्नै स्वामित्वको जग्गाधनी प्रमाण-पूर्जा भएको जग्गा छ भने ८०% सरकारी, पर्ति, ऐलानी, नदी किनार आदिमा बसोबास गरेको देखिन्छ । यस समुदायमा खेतीबाट १ देखि ३ महिनासम्म खान पुग्ने परिवारमा २५%, ४

देखि ६ महिनासम्म पुग्नेमा ७% र ७ देखि १२ महिना पुग्नेमा करीब १% मात्र रहेका छन् । यसरी नपुग अवधिको लागि जीवन निर्वाह गर्न करीब ४८% भारतमा र २६% स्वदेशमै ज्यालामजदुरी गर्न, करीब ६% परिवार यौन पेशामा र बाँकी परिवार परम्परागत पेशा र जागीरमा संलग्न भएको देखिन्छ । रोजगारीको क्रममा भारत बाहेक अन्य मुलुकमा जानेको संख्या न्यून रहेको छ । यसरी रोजगारीको लागि स्वदेश तथा विदेशमा जाने घरमूलीमा पुरुष ८०% र महिला २०% रहेको पाइन्छ भने ११ जिल्लाबाट लिइएको सर्भेक्षण अनुसार वादीहरुको कूल जनसंख्या ८३४१ मा महिला ६०० र पुरुष ५६१ अर्थात ५२% र ४८% संख्या भारतको विभिन्न शहरमा ज्याला मजदुरीमा जाने गरेको पाइन्छ ।

वादी परिवारमध्ये करीब २०% ले ऋण लिने गरेको पाइयो । तीमध्ये करीब ६४% ले स्थानीय व्यक्ति, साहु, महाजनबाट र बाँकी ३६% ले स्थानीय बैङ्क, सामुदायिक संस्था, सहकारी संस्था, वित्त कम्पनी आदिबाट लिएको देखिन्छ । यसरी लिएको ऋणमध्ये करीब ५५% ले खानामा, २५% ले औषधी उपचारमा, १५% ले व्यापार व्यवसायमा र बाँकीले पशु खरीद, बच्चा पढाउन, घर बनाउन र विदेश जानको लागि लिने गरेको बताए ।

कूल वादी परिवारमध्ये करीब ३% ले मात्र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट ड्राइभिङ, पशुपालन, स्वास्थ्य, फोटोग्राफी, च्याउखेती, घरेलु आदिजस्ता तालिम लिएको पाइन्छ । यसमध्ये पनि करीब ३०% ले ड्राइभिङ, १५% ले पशुपालन, १५% ले सिलाई कटाई तालिम लिएको देखिन्छ ।

अध्ययनको क्रममा जीवन निर्वाहको लागि सरकारबाट के आशा राख्नु भएको छ भनी राखिएको प्रश्नमा करीब ४५% ले आधारभूत आवश्यकता परिपूर्ति हुनुपर्ने, करीब २०% ले जग्गाको स्वामित्व पाउनुपर्ने, करीब १६% ले घरबासको व्यवस्था गरिदिनुपर्ने, करीब १३% ले रोजगारी दिनुपर्ने र बाँकीले रोजगारमूलक तालिम, छात्रवृत्ति, प्राविधिक शिक्षाको ग्यारेन्टी गरिनुपर्नेमा जोड दिए । त्यसैगरी कस्तो किसिमको तालिम दिएको अवस्थामा सिक्न चाहानुहुन्छ भन्ने प्रश्नमा अधिकांशको भनाई प्रत्यक्ष रुपमा आय-आर्जन र स्वरोजगार श्रृजना हुने पशुपालन, कार्पेन्टर, तरकारी खेती, सिलाई बुनाई, रेडियो, टि.भी. मर्मत, हाउस वायरिङ जस्ता तालिम दिइनुपर्ने माग राखे ।

**(घ) शैक्षिक अवस्था :-**

वादी समुदायको शैक्षिक अवस्था औषत राष्ट्रिय अवस्था भन्दा न्यून देखिन्छ । ११ जिल्लाका घरमूली परिवार संख्या १,७०४ मध्ये ५४% परिवार निरक्षर रहेका

छन् भने ६ जना स्नातक र १ जनाले डिग्रीसम्मको अध्ययन गरेको पाइन्छ । ११ जिल्लाका वादी समुदायहरूको कूल जनसंख्या ८,३४१ मा पुरुष ४,१९१ र महिला ४,१५० रहेका छन् । संख्या र लिङ्गका आधारमा अध्ययन गर्दा कूल महिला ४,१५० मा करीब ३९% निरक्षर छन् भने पुरुषतर्फ कूल ४,१९१ मा ४१% निरक्षर देखिन्छन् । महिलातर्फ स्नातक गर्ने ६ जना र स्नातकोत्तर गर्ने १ जनासम्म रहेका छन् भने पुरुषतर्फ क्रमशः १२ जना र ६ जना रहेका छन् ।

विद्यालय तहसम्म अध्ययन गर्ने कूल विद्यार्थी संख्या १,७२३ मा करीव २५% ले बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ । यसरी बीचैमा कक्षा छाड्ने कारणमा गरिबी नै प्रमुख कारण रहेको छ । यस परिवारमा करीब १५% बालमजदुर रहेका देखिन्छन् । यिनीहरू विशेषगरी ज्यालामजदुरी र घरायसी कार्यमा भारत तथा स्वदेशका विभिन्न शहरमा काम गर्ने गरेको देखिन्छ ।

स्कूल तहमा पढ्ने वादी विद्यार्थीमा करीब ३०% ले छात्रवृत्ति प्राप्त गरेको पाइयो । त्यसरी छात्रवृत्ति दिने संस्थामा विद्यालय तथा सरकारको तर्फबाट करीब ४५% योगदान देखिन्छ भने बाँकीमा विभिन्न गैरसरकारी संस्थाहरूको रहेको देखिन्छ ।

**(ङ) राजनीतिक अवस्था :-**

वादी समुदायको राजनीतिक क्षेत्रमा संलग्नता प्रायः शून्य देखिन्छ । उनीहरूको राजनीतिक, प्रशासनिक लगायतका नीति निर्माण गर्ने तहमा पहुँच देखिँदैन । यो समुदायका व्यक्तिहरू स्थानीय तहभन्दा माथि उठ्न सकेका देखिएनन् । विद्यालय, स्थानीय सामुदायिक संस्था, स्वास्थ्य चौकी, वन उपभोक्ता समूहमा न्यून संख्यामा सहभागिता देखियो ।

## ९. मुख्य सिफारिसहरू :

**(१) वादी समुदायको बसोबास भएका जिल्ला र क्षेत्रहरू तथा उनीहरूको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अवस्था र जनसंख्या सम्बन्धी विषय :**

यसमा उल्लिखित क्षेत्रको अवस्था र जनसंख्या सम्बन्धी विषयका बारेमा माथि उल्लिखित बुँदाहरू संलग्न अनुसूची ७ र ८ मा उल्लेख गरिएको छ । यसरी २०५८ सालको ११ जिल्लाको वादीहरूको नमूना सङ्कलन गर्दा प्राप्त भएको विवरण निम्नानुसार रहेको छ :-

| सि.नं. | जिल्लाको नाम | २०५८ सालको जनगणना अनुसार | २०६५ साल आषाढमा लिइएको स्थलगत गणना अनुसार |
|---|---|---|---|
| १ | बाँके | १५६ | ५८२ |
| २ | बर्दिया | ५१७ | ११०६ |
| ३ | दैलेख | २५३ | ४३६ |
| ४ | जाजरकोट | ६३९ | ८३२ |
| ५ | सुर्खेत | ८७९ | १९७६ |
| ६ | सुनसरी | १७९ | ४९ |
| ७ | कपिलवस्तु | ६२ | ६६ |
| ८ | कञ्चनपुर | ५९ | ६६० |
| ९ | दाङ | ६०६ | १००६ |
| १० | सल्यान | २४ | ५२५ |
| ११ | कैलाली | २०३ | ११०३ |
| | **जम्मा :-** | **३५७७** | **८३४१** |

प्रस्तुत तथ्याङ्कबाट २०५८ सालको भन्दा २०६५ मा लिइएको सर्भेक्षणबाट वादीहरूको अस्वाभाविक संख्या वृद्धि हुनुको पछाडि मध्यपश्चिम तथा सुदूरपश्चिमका पहाडी जिल्लाबाट सुर्खेत, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, बाँकेजस्ता तराईका जिल्लाहरूमा बसाइँ-सराई भएर जानु, उक्त गणनामा वादी भैकन अन्य जाति लेखेका मानिसहरूले पनि अहिले आएर आफ्नै वादी थरमा फाराम भर्नु, ज्यालादारी तथा रोजगारका क्रममा मुलुकका विभिन्न जिल्लामा गएर २०५८ सालको गणनाको समयमा रोजगारमा बसेकै जिल्लामा तथ्याङ्क लिँदा देखापरेका वादी समुदायहरू आफ्नै ठाउँमा फर्की अहिले (२०६५) को गणनामा आउनु, करीब १० वर्षको समयमा प्रत्येक वर्षको जनसंख्या वृद्धिको कारणबाट पनि संख्या बढ्नु र २०५८ मा गणना छुट भएका व्यक्तिहरू पनि यसमा समावेश हुनुले यो संख्या अस्वाभाविक मान्न सकिँदैन । यो समुदायले वादीका अतिरिक्त नेपाली, कुमाल, सिंह, दास, दमाई, भाँड, पातर आदि थर लेखाएको कारणले पनि यिनीहरूको कूल संख्या र जिल्ला अझ बढी हुने देखिन्छ । सरकारले अनुसूची ७ र ८ मा उल्लिखित जिल्ला र तिनीहरूको संख्यालाई हेरी पहिचानको लागि परिचय-पत्र वितरण, सीप विकास तालिम, पुनर्स्थापन, रोजगारी, छात्रवृत्ति लगायतका कार्यक्रम

अघि बढाउनुपर्ने कुरा सिफारिस गरिएको छ । अब वादी समुदायको तथ्याङ्क सङ्कलन गर्दा राष्ट्रिय वादी अधिकार संघर्ष समितिको प्रतिनिधित्वमा सम्बन्धित तथ्याङ्क कार्यालय मार्फत् वादी जातिको आधिकारिक तथ्याङ्क प्रमाणित गर्ने र वादी समुदायका विशेषत: अति विपन्न परिवारलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**(२) भूमिहीन सुकुम्वासी वादी समुदायका परिवारलाई सरकारद्वारा उपलब्ध गराउन सकिने जमिनको परिमाण र प्रक्रिया सम्बन्धी विषय :**

अध्ययनबाट करीब २०% वादी परिवारको आफ्नै नाममा जग्गा रहेको, ५२% ले ऐलानी, पर्ति, सरकारी जग्गामा घरबास बनाई बसोबास गरेका र बाँकी २८% भूमिहीन अवस्थामा रहेको देखिन्छ । यो समुदायको बसोबास विभिन्न जिल्ला र गाउँक्षेत्रमा छरिएर रहेको छ । अरुको समस्याभन्दा यिनीहरूको समस्या पृथक र भिन्न परिवेशबाट गुज्रिरहेको अवस्थामा निम्नानुसार गर्न सिफारिस गरिएको छ :-

- वादी समुदायलाई सम्भव भएसम्म एकै ठाउँमा रहने गरी बसोबासको व्यवस्था मिलाउने । नसकिए एउटै जिल्लाको एक ठाउँमा बसोबास हुने गरी व्यवस्था हुन सकेमा उपयुक्त हुने ।
- सरकारी, पर्ति जग्गामा बसोबास गरेका, न्यून परिमाणमा आफ्नै नाममा जग्गा भएका र भूमिहीन वादीहरूलाई निकट भविश्यमा गठन हुने उच्चस्तरीय भूमि आयोगले दिने प्रतिवेदनको आधारमा उनीहरूको माग बमोजिम सरकारले तोकेको आधार र प्रक्रिया अनुसार प्राथमिकता दिई व्यवस्थापन र पुनर्स्थापनको व्यवस्था गर्ने । आयोग गठनमा ढिलाई हुने भएमा छुट्टै समिति बनाई काम गर्न उपयुक्त हुने ।
- आफ्नै नाउँमा जग्गा भएका तर माग बमोजिमको परिमाणमा जग्गा नभएकाहरूलाई पनि क्रमश: छानवीन गरी समानताको लागि असमान वितरणको सिद्धान्त बमोजिम अव्यवस्थित र भूमिहीनहरूको व्यवस्थापन र पुनर्स्थानको व्यवस्था भएपछि प्राथमिकतामा राखी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

**(३) आय-आर्जन र जीवनस्तर सुधारका लागि सीप विकास र स्वरोजगार कार्यक्रम सञ्चालन सम्बन्धी विषय :**

अध्ययनबाट वादी समुदायका करीब २% परिवारले मात्र सीप विकास तालिम प्राप्त गरेको पाइयो । यो समुदायको जीविकोपार्जनको प्रमुख श्रोत स्वदेश तथा विदेश (भारत) मा गई न्युनतम ज्यालामा मजदुरी गरी सोबाट प्राप्त हुने आम्दानी रहेको छ । यो संख्या करीब ७४% रहेको देखिन्छ । तसर्थ यो समुदायलाई समय र बजार सापेक्ष आय-आर्जन र उद्यम विकास सम्बन्धी तालिम दिई उक्त समुदायको जीवनस्तर वृद्धिमा सुधार ल्याउन देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिएको छ :-

- वादी समुदायले परम्परागत पेशाको रुपमा अपनाउँदै आएको मादल तथा वाद्यवादन सामग्री निर्माण, जाल बुन्ने, सुल्पा, चिलिम र टरिया बनाउने कार्य समयको विकाससँगै जोखिममा परेको छ । सोमध्ये केही वस्तुको माग हालसम्म पनि कायमै रहेकोले त्यसको पुनरुत्थान गर्न चाहिने कच्चा पदार्थ र श्रोत, साधनमा पहुँच पुऱ्याई प्रविधिको सहुलियतपूर्ण व्यवस्था, पेशा र सीपको आधुनिकीकरण गर्न तालिम र प्रविधिको व्यवस्था र सहुलियतपूर्ण ऋणको उपलब्धता प्रदान गर्ने ।
- जङ्गल, जमिन, जल लगायतका प्राकृतिक श्रोतहरूमा वादीहरूको निर्वाध रुपमा पहुँच बढाउने र सोका लागि परम्परागत सीप, वाद्यवादन सामग्री, नदीमा माछा मार्ने, माटाका सामग्री बनाउन आवश्यक कच्चा पदार्थ सजिलैसँग प्राप्त गर्न त्यस्ता समुदायको पहिचान गरी परिचयपत्र उपलब्ध गराई परम्परागत पेशालाई संरक्षण गर्ने ।
- वादी समुदायले आफैंले सम्पादन गर्न सक्ने व्यवसाय पहिचान गरी व्यवसायमा निपुण हुने गरी व्यावहारिक सीप विकास सम्बन्धी तालिम दिने । महिलाहरूको लागि औद्योगिक प्रतिष्ठानहरूमा रोजगारी प्रदान गर्न प्राथमिकता दिने ।
- वितरणमुखी तालिमभन्दा सामुदायिक, सहकारितामा आधारित, स्वरोजगार श्रृजना गर्ने, लघुउद्यम जस्ता तालिम दिने व्यवस्था गर्ने ।
- लक्षित समूह पहिचान गरी प्रत्यक्ष रोजगार श्रृजना हुने र स्थानीय श्रोत, साधन, सीप, व्यक्तिको चाहना र बजारको उपलब्धता हेरी सोही अनुरुप तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- सरकारी तथा गैरसरकारी तालिम केन्द्रहरू र संस्थाहरूको तालिम कार्यक्रममा अनिवार्य रुपमा वादी समुदायलाई प्राथमिकता दिई तालिम दिने व्यवस्था गर्ने ।

- तालिममा सिकेको ज्ञानलाई व्यवसायिक रुपमा प्रयोग गर्न उद्यमसीलता विकास तालिम र सहुलियतपूर्ण दरमा ऋण दिन साना किसान विकास आयोजना तथा ग्रामीण विकास बैङ्क मार्फत् वादी समुदायहरूलाई बिना धितो वा सामुहिक जमानीमा कर्जा सुविधा उपलब्ध गराई उनीहरूको पहुँच बढाउने । उत्पादित सामानहरूको बजार व्यवस्थापन गर्न घरेलु तथा साना उद्योग विभाग र समिति मार्फत् थप कार्यक्रम कार्यान्वयनमा ल्याइनु उपयुक्त हुने देखिन्छ ।
- श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालय र सीप विकास तालिम केन्द्रद्वारा प्रदान गरिने तालिममा इच्छुक वादी समुदायलाई प्राथमिकता दिन अनुरोध गर्ने ।
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारमा जाने दलितलाई नेपाल सरकारले विशेष सुविधा दिन सक्ने र सोही दफा बमोजिम सरकारले संख्या तोकी वादी समुदायका व्यक्तिलाई समेत आरक्षण दिन सकिने प्रावधान भएकोले निश्चित संख्या तोकी सुविधा प्रदान गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने ।
- वैदेशिक रोजगारीमा जान इच्छुक तथा दक्ष वादीहरूलाई वैदेशिक रोजगारीका लागि उपयोगी सीप र तालिम दिई पठाउन प्राथमिकताका लागि Recruiting Agencies मा सिफारिस गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालय मार्फत् व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।
- तालिमको प्रभावकारिता हेर्ने संयन्त्रको निर्माण गर्ने र त्यसले दिएको सुझावका आधारमा कार्यक्रमलाई निरन्तरता दिने ।

**(४) स्वदेशमा उपलब्ध गराउन सकिने रोजगारी र वैदेशिक रोजगारी सम्बन्धी विषय :**

वादी समुदायलाई स्वदेशी र वैदेशिक रोजगारीका अवसर दिलाउन देहाय बमोजिम सिफारिस गरिएको छ :-

- वादीहरूको बसोबास रहेको क्षेत्रमा आयोजना, विकास निर्माणको कार्य सञ्चालन गर्दा आवश्यक पर्ने कर्मचारी/कामदार नियुक्तिमा सीप र दक्षता हेरी स्थानीय वादी समुदायलाई नियुक्तिमा प्राथमिकता दिने ।

- चालु वर्षको बजेटमा व्यवस्था भए अनुसार बेरोजगार युवाहरूलाई तालिम दिई व्यवसाय सञ्चालन गर्न चाहने युवाहरूलाई बिना धितो दिइने भनिएको रू.२ लाखसम्मको आवधिक ऋण कार्यक्रममा निःशुल्क व्यवसायिक तालिम दिई अनिवार्य रुपमा वादी समुदायलाई पनि सहभागी गराउने ।
- चालु आ.व.को बजेट बक्तव्य मार्फत् व्यवस्था गरिएको भूमिहीन विपन्न वर्गलाई सहकारीमा आवद्ध गरी सम्भाव्यताका आधारमा अतिक्रमण नहुने गरी सामुदायिक वन र नयाँ वृक्षारोपण भएको क्षेत्र लगायत विद्युत् प्रसारण लाइन मुनीको खाली जग्गा एवं सरकारी बाँझो जग्गामा सहकारी खेती गर्ने व्यवस्था मिलाउने ।
- वादी समुदायलाई उद्योग व्यवसायमा प्रेरित गरी स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा प्रोत्साहन गर्ने । जस्तै :- इट्टा उद्योग सामुदायिक रुपमा सञ्चालन गर्न प्रेरित गर्ने ।
- प्रत्यक्ष रोजगार दिने खालका तालीमहरू डकर्मी, सिकर्मी, कार्पेन्टर, पशुपालन, केश काट्ने, ड्राइभिङ, बेमौसमी तरकारी खेती, माछापालन जस्ता तालिम र बिना धितो तथा सामुहिक जमानतमा सहुलियतपूर्ण ऋण प्रदान गर्ने ।
- वैदेशिक रोजगारको लागि विदेशमा माग भए अनुसारको तालिम र सीपयुक्त दक्षजनशक्ति तयार गरी पठाउन निःशुल्क तालिमको व्यवस्था गर्ने । दक्ष जनशक्ति निर्माण गरी वैदेशिक रोजगारमा पठाउने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिलाई त्यहाँ पठाउनु पूर्व जान लागेको मुलुक, काम र त्यहाँ पालना गर्नुपर्ने आधारभूत कुराहरूको प्रशिक्षण दिएर मात्र पठाउने व्यवस्था मिलाउने ।
- वादी समुदायका व्यक्तिहरूलाई श्रम तथा यातायात व्यवस्था मन्त्रालयले निश्चित कोटा निर्धारण गरी वैदेशिक रोजगारमा पठाउने व्यवस्था मिलाउने र वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्चको लागि बिना धितो बैङ्कमार्फत् ऋण पाउने व्यवस्था मिलाउने ।
- वादी समुदायका व्यक्तिहरूलाई योग्यता अनुसार विभिन्न सरकारी निकाय, संस्थानहरू, नेपाली सेना र नेपाल प्रहरीमा समेत प्राथमिकताका साथ रोजगार उपलब्ध गराउने व्यवस्था गर्ने ।

**(५) वादी समुदायका बालबालिकालाई शिक्षामा पहुँचका लागि उपलब्ध गराउन सकिने छात्रवृत्ति तथा अन्य सुविधा सम्बन्धी विषय :**

वादी समुदायका बालबालिकाहरूको ठूलो हिस्सा अहिले पनि शिक्षा पाउनबाट बञ्चित रहेको छ । व्याप्त चरम गरिबीका कारण ठूलो संख्यामा स्कूल जाने उमेरमा बालबालिका जीविकोपार्जनको लागि स्वदेश तथा विदेशमा घरेलु कामदारको रुपमा काम गर्न गएको समेत पाइन्छ । सरकारी तथा गैरसरकारी स्तरबाट अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था नभएको पनि होइन । तर सीमित रुपमा गरिएको छात्रवृत्ति प्रभावकारी देखिएन । भोको पेटको भरणपोषण नगरी शिक्षाका जतिसुकै राम्रा कार्यक्रम ल्याए पनि त्यसले सार्थकता नपाउने कुरा विद्यालय तहमा करीब २५% ले बीचैमा अध्ययन छाड्ने प्रवृत्तिबाट पुष्टि हुन्छ । अतः यस समुदायका बालबालिकाहरूलाई शिक्षामा पहुँच बढाउनको निमित्त देहाय बमोजिमको व्यवस्था हुन सिफारिस गरिएको छ :-

- वादी समुदायका क्याम्पस तहमा अध्ययनरत विद्यार्थीहरूलाई समेत अध्ययनमा सहयोग पुग्ने गरी छात्रवृत्तिको राशी वृद्धि गर्ने र नपाएकालाई छात्रवृत्तिको कोटा थप गर्ने । वादी समुदायको बसोबास रहेको जिल्लामा खोलिएका तथा खोलिने प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र तथा शिक्षण संस्थामा योग्यता र क्षमता हेरी निश्चित सिटमा आरक्षणको व्यवस्था गर्ने ।
- वादी समुदायको साक्षरता वृद्धि गर्न प्रौढ साक्षरता, सीप विकास तालिम, कानूनी विषय, स्वास्थ्य शिक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- दलित छात्रवृत्तिभित्र वादीको कोटासमेत संरक्षण हुनुपर्ने ।
- वाध्यात्मक यौन पेशाबाट जन्मेका र घुमन्ते, मगन्ते वादीहरूका बालबालिकाहरूलाई संरक्षण केन्द्रहरू खडा गरी तिनीहरूको शिक्षा र भरणपोषणको व्यवस्था गर्नुपर्ने ।
- बालश्रममा गएकाहरूलाई बालश्रमबाट झिकी समय सापेक्ष शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने । बालश्रम कानूनतः दण्डनीय भएकोले बालश्रममा लगाउनेहरूलाई कानूनको कठघरामा उभ्याउन कानूनको परिपालनामा जोड दिने ।

- अधिकांश वादी समुदायहरूका बालबालिकाहरू १० कक्षामा गएर रोकिने गरेकाले एस.एल.सी. को लागि तिनीहरूलाई केन्द्रित गरी Coaching Center सञ्चालन गर्ने ।
- विद्यालय तहमा आवासीय सुविधा सहित निःशुल्क खानबस्नको व्यवस्था गरिनुपर्ने ।
- स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने सबै वादी समुदायका छात्रछात्राहरूको लागि प्रतिवर्ष जनही रू.१०,०००।- र उच्च माध्यमिक तथा माध्यमिक र निम्न माध्यमिक तहसम्म रू.५,०००।- को छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था मिलाउने । त्यसैगरी प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाका लागि मासिक रू.३५० का दरले छात्रवृत्ति सहितको निःशुल्क शिक्षाको व्यवस्था मिलाउने ।
- वादी समुदायका बालबालिकाहरूलाई कम्तीमा पनि ५ कक्षासम्म गुणात्मक शिक्षा प्रदान गर्न स्थानीय बोर्डिङ स्कूलमा कोटा निश्चित गर्नुपर्ने ।
- वादी समुदायका साना बालबालिकालाई डे केयरको व्यवस्था गरिनुपर्ने ।

## (६) स्वास्थ्य सम्बन्धमा प्रदान गर्न सकिने सुविधा सम्बन्धी विषय :

अध्ययनबाट वादी समुदायका करीब ७५% परिवारले स्वास्थ्य परीक्षण गर्ने गरेको, उक्त परीक्षणबाट अधिकांश मानिसहरूमा टाइफाइड, झाडापखाला, जन्डिस, रुघाखोकी, टि.वी. लगायतका रोगहरू देखा परेको, करीब १०% परिवारले परिवार नियोजनका साधन विशेषगरी कण्डमको प्रयोग गर्ने गरेका, ६% वादी महिलाले यौन पेशा अपनाएका, करीब १% वादी समुदायका व्यक्तिमा HIV AIDS लागेको, यौन पेशामा लाग्नेमा अधिकांश निरक्षर र महिलाहरू संलग्न देखिएका र यस समुदायको ठूलो हिस्सा स्वदेश तथा विदेश (भारत) मा ज्यालादारी मजदुरी गर्न जाने गरेको पृष्ठभूमिमा देहाय बमोजिमको व्यवस्था लागू गर्न सिफारिस गरिएको छ :-

- सरकारले गाउँगाउँमा निःशुल्क स्वास्थ्य सुविधा र औषधीको व्यवस्था गरेको वर्तमान अवस्थामा त्यसको सुविधा लिन सरकारी तथा गैरसरकारी संस्थाबाट चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- रोगको प्रकृतिबाट अधिकांश वादीहरूमा खानेपानी, सरसफाई र कुपोषणको कारण उत्पन्न हुने रोगबाट प्रभावित देखिएकाले सरकारले

स्वच्छ खानेपानी, सरसफाई र पोषणयुक्त खाना खान सक्षम बनाउन सरकारी र गैरसरकारी संस्थाबाट चेतनामूलक कार्यक्रमको व्यवस्था मिलाउने ।

- HIV AIDS लागेकाहरूको चेकजाँचको निमित्त उक्त समुदायलाई पायक पर्ने स्थानमा चिकित्सक सहितको आधुनिक परीक्षण केन्द्रको व्यवस्था गरी नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउने ।
- समय-समयमा वादीहरू लगायतका परिवारहरूको बसोबास भएको क्षेत्रमा घुम्ती स्वास्थ्य टोली खटाई निःशुल्क चेकजाँचको व्यवस्था मिलाउने ।
- HIV/AIDS पीडितहरूलाई पुनर्स्थापन/राहत केन्द्रमा राखी पुनर्स्थापनको व्यवस्था गर्नुपर्ने ।
- सुरक्षित मातृसेवा र प्रजनन स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने ।
- सामुदायिक स्वास्थ्य कार्यकर्ता तयार पार्नको लागि सुडेनी, मातृशिशु कार्यकर्ता, स्वास्थ्य स्वयंसेविका जस्ता कार्यक्रममा वादी समुदायको प्रतिनिधित्व गराइनुपर्ने ।
- वादी समुदायका अधिकांश महिलाहरू आङ खस्ने रोगबाट पीडित रहेकाले समय-समयमा निःशुल्क विशेषज्ञ सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।
- रोगको गाम्भीर्यता हेरी औषधी उपचार गर्दा लाग्ने शुल्कमा ५०% छुटको व्यवस्था गर्नुपर्ने ।
- HIV/AIDS चेक गर्ने संस्थाको क्षमता वृद्धि र साधन श्रोत सम्पन्न गर्नुपर्ने ।
- HIV/AIDS र परिवार नियोजनका साधनहरूको प्रयोग र सहज उपलब्धतामा जोड दिने र वादी समुदायको बसोबास रहेको क्षेत्रमा नियमित र अनिवार्य चेकजाँच गर्ने व्यवस्था मिलाउने ।
- वादी अधिकार संघर्ष समितिको ४८ दिने आन्दोलनमा घाइते भएका व्यक्तिहरुको निःशुल्क उपचार र क्षतिपूर्तिको व्यवस्था गरी दिने ।

**(७) कानूनी सेवा, यातायात, विद्युत्, करछुट लगायतका क्षेत्रमा राज्यले प्रदान गर्न सक्ने सहयोग सम्बन्धी विषय :**

वादी समुदाय दलितको रुपमा परिचित मानिन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक लगायत हरतरहबाट यो समुदाय पछाडि परेको देखिन्छ । कानूनी रुपमा दण्डनीय भए तापनि सामाजिक रुपमा हालसम्म पनि छुवाछुत कूप्रथा कायमै रहेको वर्तमान अवस्थामा सार्वजनिक महत्वका स्थल, मठ, मन्दिर, धारा, कुवा लगायतका ठाउँमा निर्वाध रुपमा प्रवेश गर्न नसक्ने यथार्थता र अन्तरजातीय विवाहले समेत सामाजिक मान्यता नपाइसकेको परिस्थितिलाई कानूनी सेवा, यातायात, विद्युत्, करछुट लगायतका क्षेत्रमा प्रदान गर्न चाहिने सहयोगमा देहाय बमोजिमको कार्य गर्नुपर्ने देखिन्छ :-

- सामाजिक विभेद, छुवाछुत लगायतका सामाजिक अपराध गर्नेहरूलाई कडाइका साथ सम्बन्धित निकायबाट निगरानी गरी कानूनी कारबाही गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक अपराध गर्नेहरूलाई सबै राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायबाट तिरस्कार गर्ने र सजायको भागी बनाउने परिपाटी कायम गर्न प्रोत्साहन गर्ने ।
- छुवाछुत लगायत अन्य सामाजिक हिंसाका घटनाहरूबाट पीडित वादी समुदायलाई निःशुल्क रुपमा कानूनी उपचार दिलाई न्याय दिलाउन छुट्टै दलित इजलासको व्यवस्था हुनुपर्ने ।
- वादी समुदायका व्यक्तिहरूले सञ्चालन गरेका उद्योग व्यवसायहरूबाट आर्जित नाफामा ५०% प्रतिशत कर छुटको व्यवस्था गर्नुपर्ने ।
- केही सार्वजनिक ओहदामा बसेका व्यक्तिहरू समेतबाट जातीय विभेद भएको र सो को प्रमाणित आधार, प्रमाण भएको अवस्थामा पदबाट हटाई भविश्यमा समेत अयोग्य हुनेगरी कानूनी व्यवस्था गरिनुपर्ने ।
- सार्वजनिक स्थानमा दुर्व्यवहार, सामाजिक विभेद र वादी समुदायहरूलाई किटान गरेर यौन आक्षेप र जातिगत रुपमा ठेस पुग्ने खालका शब्दहरू झल्किने गरी व्यवहार गर्नेलाई दण्ड, सजाय र क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने ।
- प्रत्येक जिल्ला प्रशासन कार्यालयमा जातीय छुवाछुत र सार्वजनिक अपराध हेर्ने डेस्क बनाई त्यसमा दलितको समेत प्रतिनिधित्व हुनेगरी व्यवस्था मिलाउने ।

- सार्वजनिक यातायात, विद्युत् र र अन्य करको क्षेत्रमा वादी समुदायलाई उनीहरूको माग बमोजिम उचित छुटको व्यवस्था गरिनुपर्ने ।
- बालबालिका एवं महिलाहरूलाई यौन पेशाका लागि देश बाहिर लैजाने क्रमलाई तुरुन्त राक्ने र अपराधीलाई कडा से कडा कारबाही गर्न कानून बनाउने ।

**(८) मागबमोजिम थर राखी सहज रूपमा नेपाली नागरिकताको प्रमाण-पत्र उपलब्ध गराउने सम्बन्धी विषय :**

विगतमा केही वादी समुदायले नागरिकताको प्रमाणपत्र लिइसकेका र प्रमाणपत्र प्राप्त गरेका मध्ये १०% वादी समुदायले आत्मसम्मानमा चोट पुऱ्याउने खालको थर (भाँड, वदेनी, पातर आदि) राखिएकोले थर परिवर्तन गर्न चाहेको पाइएको छ । उनीहरूको माग बमोजिम एक पटक नागरिकताको प्रमाणपत्र लिइसकेकालाई थर संशोधन गर्न र नागरिकताको प्रमाणपत्र नलिएका वादी समुदायलाई नागरिकताको प्रमाणपत्र दिँदा उनीहरूको आत्मसम्मानमा चोट नपुग्ने खालको थर राख्न अन्य दलित समुदाय सरह उनीहरूको माग बमोजिम राष्ट्रिय दलित आयोगबाट वादी समुदायको थरहरु निश्चित गरी थर राख्न सक्ने गरी सरल रुपमा नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने ।

**(९) राज्य सञ्चालनका हरेक तहमा योग्य वादीहरूको पहुँच एवं योग्यता अभिवृद्धि सम्बन्धमा निश्चितता सम्बन्धी विषय :**

वादीहरूको राज्य सञ्चालनका हरेक तहमा प्रायः शून्य उपस्थिति रहेकाले उनीहरूको पहुँच अभिवृद्धि गर्न निम्नानुसार गर्न उपयुक्त हुन्छ :-

- नेपाल सरकारले दलितहरूलाई प्रशासन, आर्मी, प्रहरी लगायतका निकायमा रोजगारी अभिवृद्धि गरी ती निकायहरूमा उनीहरूको पहुँच पुऱ्याउने उद्देश्यले आरक्षणको व्यवस्था गरी कार्यान्वयनमा समेत ल्याएकोले योग्य वादीहरूप्रति सकारात्मक दृष्टिकोण राखी प्राथमिकताका साथ रोजगारी उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिनुपर्ने । दलितभित्र पनि छुट्टै कोटा तोकी आरक्षणको व्यवस्था मिलाउने ।

- लोकसेवा आयोगबाट खुल्ला प्रतिस्पर्धाद्वारा लिइने निजामती सेवाका पदमा प्रतिस्पर्धा गरी खरो रुपमा उत्रन सक्ने बनाउन योग्य वादीहरूलाई निश्चित वर्षसम्म परीक्षण स्वरुप लोकसेवा आयोगको प्रशासनतर्फका पदहरू (रा.प.अनङ्कित) को कोर्ष सञ्चालन गरिनुपर्ने ।
- वादी समुदायलाई राष्ट्रिय, जिल्ला र क्षेत्रमा सरकारी तथा गैरसरकरी निकायबाट गठन गरिने समिति, स्थानीय निकाय, उपसमिति, आयोग आदिमा अनिवार्य रुपमा वादीहरूलाई संलग्न गराउने ।
- प्राविधिक विषय अध्ययन गर्न चाहने र Basic योग्यता पुगेका वादी समुदायका व्यक्तिहरूको लागि निजी क्षेत्रका संघसंस्थाहरूमा समेत सरकारले निश्चित समयको लागि छात्रवृत्ति कोटा छुट्याई व्यवस्था गर्ने ।
- वादी समुदायलाई नीति निर्माण तहमा प्रतिनिधित्व गराउन निश्चित कोटा तोकिनुपर्ने ।
- वादी महिलाहरूलाई स्थानीय तह, जि.वि.स., गा.वि.स. र स्कूल तहमा अनिवार्य सहभागी गराउने ।

## (१०) वादी समुदाय र देह व्यापार अन्त्यको घोषणा :

वादी समुदायको विगतको इतिहास सम्मानित रहेको पाइन्छ तर विगतका शासक र राजारजौटाहरूले वादी समुदायहरूलाई मनोरञ्जनको रुपमा प्रयोग गर्दै जाँदा बाध्यतावश पछि आएर जीवनयापन र जीविकोपार्जनको लागि अन्य भरपर्दो माध्यम नहुँदा देह व्यापारजस्तो अमर्यादित र निकृष्ट पेशामा लाग्नुपर्ने अवस्था श्रृजना भयो । यहाँसम्म कि केही वर्ष पहिलेसम्म त वादी भन्नासाथ देह व्यापार गर्ने समुदायको रुपमा मुलुकले चिन्ने अवस्था रह्यो । समयको क्रमसँगै मानिसमा आएको चेतना र परिवर्तन, यौनरोग तथा एड्सजस्ता भयानक रोगका कारण यो पेशा अपनाउनेहरूमा नकारात्मक धारणा बढ्दै गयो । अध्ययनबाट वादी समुदायका ६% परिवार देह व्यापारमा रहेको पाइयो । यद्यपि यो प्रतिशत बढी हुनसक्ने देखिन्छ किनभने प्रश्नावली भर्दा कतिपयले भर्न नचाहेको कारणबाट पनि यो प्रतिशत कम हुन गएको मान्न सकिन्छ । चाहे जो होस् यो समुदायमा देहव्यापार गरेर जीविकोपार्जन गर्ने केही संख्या यद्यपि क्रियाशील रहेको यथार्थ स्वीकार गर्नुपर्ने हुन्छ । राज्य र समाजले ६% मा रहेको देह व्यापारका

कारण समग्र वादी समुदायमाथि देह व्यापार गर्ने समुदायको रुपमा कलङ्कित हुनु परेको तीतो यथार्थ रहेको छ । ९४% निर्दोष वादी समुदायका व्यक्तिहरूको आत्मसम्मानको रक्षा गर्दै ६% पेशामा संलग्न परिवारलाई देहव्यापारबाट मुक्त गरी सम्मानीत जीवनयापन गराउन र उनीहरूमाथि गरिएको शोषण, अत्याचार, यौन शोषण वापत क्षतिपूर्ति स्वरुप पुनर्स्थापनको व्यवस्था गर्ने र ६% को संख्यामा रहेका वाध्यात्मक यौन व्यवसायलाई समूल नष्ट गर्न जातीय रुपमा रहेको बाध्यात्मक यौन व्यवसाय अन्त्य भएको घोषणा र उचित कानून बनाई नियन्त्रण गरिनु पर्ने ।